जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २३४ पृष्ठः ४ | २०८२ पुस २४ विहीबार (Thursday 08 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहान नगरपालिकाले दुई सातामा वितरण गर्‍यो ७०० वृद्धवृद्धा र विपन्नलाई सिरक



**मणिलाल विश्वकर्मा**

लहान, २३ पुस। सिरहाको लहान नगरपालिकाले दुई सातामा नगरक्षेत्रका ७०० जना वृद्धवृद्धा र असहायलाई फाइबरको सिरक वितरण गरेको छ। केही दिनयता बढेको चिसो र शीतलहरले वृद्धवृद्धा, असहायहरू धेरै नै प्रभावित भएपछि नगरपालिकाले सिरक वितरण गरेको हो। नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले बुधबार लहान-७ का १२ र ८ नम्बर वडा क्षेत्रका दलित समुदायका २५ जना वृद्धवृद्धा, असहायहरुलाई फाइबरको न्यानो सिरक वितरण गरेका छन्। 'बढ्दो चिसो र शीतलहरले प्रायः मजदुरी गरेर खाने दलित समुदायका वृद्धवृद्धा र असहाय बढी प्रभावित छन्,' उनले भने 'सम्बन्धित परिवारले चाहेर पनि अतिरिक्त रकम खर्चिएर वृद्धवृद्धालाई न्यानो कपडा दिन नसक्ने भएकाले पालिकाले उपलब्ध गराएको हो।'

पछिल्लो दुई सातादेखि फाट्टफुट्ट घाम लागे पनि प्रायः बिहानदेखि लाग्ने बाक्लो हुस्सु र चिसो हावासँगै बढेको जाडोले विशेषगरी गरिब विपन्न समुदाय प्रभावित बनेका छन्। यसबिचमा नगरपालिकाले लहान-१२ भोटियाटोल, वडा नम्बर १५ को ढोढना बानो, १६ को तरेगना गोविन्दपुर, १७ को बलानसेर, १८ को शोभापुर, २१ को माधोपुर, २३ को गढिया र वडा नम्बरको २४ गोविन्दपुर खप्टे डाँडाका करिब सात सयजनालाई एक/एक वटा फाइवरको सिरक बाँडेको प्रमुख चौधरीले बताए। उनका अनुसार पुस महिनाभर आवश्यकताअनुसार थप ३०० थान सिरक बाँडिँदैछ।

न्यानो सिरक पाएपछि लहान-८ की ८० वर्षीया कुसमीदेवी पासवानले नगर प्रमुखले वृद्धवृद्धाको ज्यान बचाउन सहयोग गरेको बताइन। लहान-७ की

-बाँकी दुई पेजमा

राष्ट्रियसभा निर्वाचन :

## मधेसबाट ११ जनाले गराए मनोनयन पत्र दर्ता

काठमाडौँ, २३ पुस। राष्ट्रियसभा निर्वाचनका लागि मधेस प्रदेशबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका छन्। मधेसमा ४ राष्ट्रियसभा सिटका लागि कांग्रेस-एमाले गठबन्धन, माओवादी केन्द्र, लोसपा नेपाल तथा जसपा नेपालबाट ११ जना उम्मेदवारले बुधबार मनोनयन पत्र दर्ता गराएका हुन्। लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अन्य तर्फ उम्मेदवारी दर्ता गराएका छन्। उनको उम्मेदवारीमा लोसपाको मधेस प्रदेशसभा सदस्य जयनुल राइन प्रस्तावक र रानी शर्मा तिवारी समर्थक बसेका थिए। ठाकुरको उम्मेदवारीमा जसपा नेपालको पनि समर्थन छ।

त्यस्तै मधेसमा जसपा नेपालबाट राष्ट्रियसभा सदस्यका लागि तीन जनाको उम्मेदवारी दर्ता भएको छ। जसपा नेपालबाट अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासले उम्मेदवारी गराएका हुन्। जसपा नेपालबाट उम्मेदवारी दिने चौधरी सप्तरी, साह सिरहा र दास धनुषाकी हुन्। नेपाली कम्युनिस्ट पार्टी(नेकपा)बाट दलित कोटामा शम्भु पासवान, अल्पसंख्यकबाट रामनन्दन प्रसाद, अन्यबाट लक्ष्मण पौडेल र मधेसी कोटाबाट समी कुमारी अग्रवालले उम्मेदवारी दर्ता गराएका हुन्।

त्यस्तै कांग्रेस-एमाले गठबन्धनबाट दलित कोटामा कांग्रेसका अमरेन्द्र पासवान, अल्पसंख्यक कोटामा कांग्रेसका रञ्जित कर्ण र महिला कोटामा एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएका हुन्।

राष्ट्रिय झण्डाको सम्मान गरौं।

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक चिन्ह राख।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## माटोका मूर्ति बनाउन भ्याइनभ्याइ



**सुधा देव**

सप्तरी, २३ पुस। सप्तरीका विष्णुपुर गाउँपालिका-५ का ४० वर्षीया प्रभु मण्डललाई यतिबेला मूर्ति बनाउन भ्याइनभ्याइ छ। सरस्वती पूजा नजिकिँदै गएपछि उहाँलाई मूर्ति बनाउन भ्याइनभ्याइ भएको हो। विद्याकी देवी सरस्वती पूजा नजिकिपछि पछिल्लो १५ दिन यता उनको दिनचर्या मूर्ति बनाएरै बित्ने गरेको छ। हाल उनी राजविराज-७ स्थित शिव मन्दिरको अगाडि मूर्ति बनाउन व्यस्त रहँदै आएको छ। अहिले मूर्ति बनाउने व्यस्तता बढे पनि वर्ष भरि यहि काम गरेर गुजारा गर्दै आएको उनले बताए। उनले भने, मूर्ति बनाएरै ६ जना परिवारको गुजारा गर्दै आएको छु। दुई दशकअघि भारतको सिलिगुडीबाट माटोको मूर्ति बनाउने कला सिकेर आएपछि यहीँ पेसामा निरन्तर लागेर जीविकोपार्जन गर्दै आएको उनले बताए।

संस्कृति चाँडपर्वको धनी मधेशमा मूर्ति बनाउने कामबाट कहिले फुर्सद नहुने गरेको उनले बताए। उनले भने, विजयादशमी, दिपावली, छठ, सरस्वती पुजा, विश्वकर्मा पूजा, रामनवमी, चैते दशैँ, कृष्णअष्टमी लगायतको चाडपर्वमा माटोको मूर्ति बनाउँदै आएको छु। दशैं, दिपावली, कृष्णााअष्टमी, चैते दशैंमा अडर अनुसार घर वा मन्दिरमा गएर बनाउने र एक ठाउँको मात्र ३५ देखि ५० हजार लिने गरेको उनले बताए। दुई जना मिलेर एउटा चाँडपर्वमा दस ठाउँसम्म बनाउन भ्याउने गरेको उनको सहयोगी रामलाल मण्डलले बताए।

घर र मन्दिरमा माटोको मूर्ति बनाउँदा एक सिजनमा ४ लाख देखि ५ लाख आम्दानी हुँदै आएको उनले बताए। सरस्वती पूजा लगायतमा २ देखि ३ लाख आम्दानी हुँदै आएको उनले बताए। यसपालि सरस्वती पूजाका लागि १ सय वटा मूर्ति बनाएको र कम्तीमा

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

## सम्पादकीय

# दलका नेताबाट बन्दसूची पनि बिगार्ने हेलचेक्र्याइँ

फागुन २१ गते मतदान हुने निर्वाचनपछि गठन हुने प्रतिनिधि सभाका लागि समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतका उमेदवारको सूची बुझाउने ५८ वटै दलको सूचीमा त्रुटि भेटिएको छ। समानुपातिक निर्वाचन प्रणालीको भावना र मर्म त मारेकै थिए नेपालका राजनीतिक दलका नेताहरूले निर्वाचन आयोगमा बुझाउने बन्दसूचीसम्म पनि त्रुटिरहित बनाउन सकेनन्।

नेपालको संविधानमा 'जनसंख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम पिछडिएको क्षेत्रसमेतबाट' बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था छ। मूलतः प्रतिनिधि सभाको बनोट जनसंख्याको संरचनाअनुरूपको बनाउन समानुपातिक निर्वाचन प्रणालीको प्रावधान संविधानमा राखिएको हो। विशेषगरी यो प्रत्यक्ष निर्वाचनमा उमेदवार नहुने योग्य व्यक्तिहरूलाई संसद्मा पुऱ्याउन गरिएको व्यवस्था हो।

परन्तु, नेपालका राजनीतिक दलका नेताले संविधानले प्रतिनिधित्व गराउन चाहेको वर्गलाई संसद्मा पुग्ने बाटो भने कहिल्यै खुल्न दिएनन्। नेताका आफन्त, चाकरीदार, चन्दादाता वा अन्य प्रत्यक्ष अप्रत्यक्ष कृपापात्रहरूलाई नै समानुपातिक प्रणालीअन्तर्गत प्रतिनिधित्व गराइयो। कतिपय प्रभावशाली नेताहरू त चुनाव हार्ने डरले समानुपातिक प्रणालीअन्तर्गत उमेदवार बनेको पनि देखियो।

नेताहरूलाई यसरी समानुपातिक प्रणालीकै हुर्मत लिएरमात्र पनि चित्त बुझ्नेनछ क्यारे सधैँजस्तो यसपटक पनि निर्वाचनमा बुझाइने बन्दसूचीलाई खेलाँचीको विषय बनाए। निर्वाचन आयोगले सच्याउने मौका दिइहाल्छ भनेरमात्रै संसद्को निर्वाचनजस्तो महत्त्वपूर्ण विषयमा यति गम्भीर हेलचेक्र्याइँ गरिएको त पक्कै होइन होला। सम्भवतः यो हेलचेक्र्याइँ भन्दा बढी विधि र प्रक्रिया मिच्ने प्रवृत्तिको द्योतक हो।

राजनीतिक दलले बुझाएका बन्दसूचीमा निर्वाचन आयोगले छानबिन गर्दा बन्दसूचीमा समावेशी समूहअनुसार उमेदवार व्यक्ति नमिलाएको, ऐनअनुसारको प्रतिनिधित्व नगराइएकोजस्ता नियतवश गरिएका त्रुटिदेखि नागरिकता, मतदाता नामावलीको निस्सा नराख्नेजस्ता सामान्य प्राविधिक र प्रक्रियागत गल्तीहरू भेटेको छ। नेपाली कांग्रेसको बन्दसूचीमा त एकै जनाको नाम दुई ठाउँमा राख्नेजस्तो हास्यास्पद त्रुटि पनि भेटिएको थियो।


अपारदर्शी प्रक्रियाबाट नेताको तजबिजमा हतारमा तयार गरिएको समानुपातिक उमेदवारको सूचीमा त्रुटि हुनु अस्वाभाविक पनि होइन। अपाङ्गता हुनेको प्रतिनिधित्व हडप्नेदेखि ऐनले तोकेको समूहबाट प्रतिनिधित्व नगराउनेजस्ता बदमासी नियतवश गरिएको हो भने उमेदवार नाम नमिलाउनेदेखि नागरिकताको प्रमाणपत्र, मतदाता नामावलीको निस्साजस्ता कागजपत्र छुटाउनु असावधानी र हेलचेक्र्याइँबाट भएको गल्ती हो।

निर्वाचन आयोग राजनीतिक दलहरूसँग बढी नै डराउने गरेको छ। यसैले जानाजान गरिएको गल्तीलाई पनि औँल्याएर सच्याउने मौका दिइरहन्छ। यसरी सच्याउने मौका पाइने भएपछि दलका नेताहरू गम्भीर र जिम्मेवार हुनै परेन। के राज्यका अरू अङ्ग वा निकायमा यसरी नै गरिएका गल्ती र त्रुटिहरू पटकपटक सच्याउन पाइन्छ त ? पक्कै पनि पाइँदैन। सामान्य नागरिकले त कानुन नजाने पनि पालना नगरे सजाय पाउँछन्।

यसपटक त के यिनै नेताहरूले नेतृत्व गर्दासम्म अरू कैयौंपटक समानुपातिक बन्दसूचीमा त्रुटि दोहोरिइरहनेछन् र निर्वाचन आयोगले दलका नेताहरूलाई सच्याउन अनुनय विनय गरिरहनेछ। राज्यका निकायले यसरी पुलपुल्याएपछि नेताहरू सुर्ता नै पो किन पर्‍यो रु राजनीतिक संस्कारलाई न्यायपूर्ण लोकतन्त्रप्रति अभिमुख गराउने र राजनीतिक दलका नेतालाई सुध्रिन बाध्य बनाउने हो भने निर्वाचन आयोगले सच्याउने मौका दिनु हुँदैन।

समान्य विधि र प्रक्रियागत वा मानवीय गल्तीका लागि सच्याउने मौका दिए पनि नियतवश गरिएका त्रुटि र हेलचेक्र्याइँमा सच्याउने सुविधा नदिने हो भने नेताहरू बल्ल गम्भीर बन्नेछन् र राज्यका निकायलाई हेप्न छाड्नेछन्। यसैले समानुपातिक प्रतिनिधित्वको मर्मअनुसार नभएको सूचीलाई उल्लंघन भएको हदसम्म अर्थात् राख्न नमिल्ने गरी राखिएको नाम हटाएर सूची कायम गर्ने हो बल्ल नेताहरू एकैपटकमा ऐनको व्यवस्थाअनुसार सूची बुझाउन बाध्य हुनेछन्। के थाहा यही बाध्यताले नेपालका राजनीतिक दलका नेताहरू लायक र इमानी पो हुन्छन् कि ? आशा त हो। महाभारत युद्धमा भीष्म, द्रोण र कर्णको अवसानपछि दुर्योधनले शल्यलाई सेनापति बनाएर पनि लडाइँ जित्ने आशा गरेको थिए रे !

# सामाजिक सञ्जालको बढ्दो प्रभावसँगै फेरिएको सामाजिक तानाबाना



प्रकाश खतिवडा

नेपालमा २०८२ भदौ २३ र २४ मा भएको जेनजी विद्रोहको नेता को होला ? आज पनि धेरैले यसको उत्तर शङ्काको कसीमा राखेर खोजिरहेका छन्। भ्रष्टाचारको विरोध र दर्ता हुन नआएका फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, एक्स, युट्युबसहित २६ प्रमुख सामाजिक सञ्जालहरूमाथि सरकारले लगाएको प्रतिबन्ध विरुद्ध भनिएको प्रदर्शनमा जसरी नागरिकको सहभागिता भयो र यसले विद्रोहको रूप लियो, यो सामान्य आँखाबाट हेर्दा चमत्कारिक घटना थियो। यसले शंकाको लाभ दिएकै छ। तर हामीले यसलाई शंकाको आँखाले हेरिरहँदा सूचना प्रविधिको विकाससँगै नेतृत्व विकासमा आएको बदलावलाई सही ढङ्गले हेर्न र बुझ्न जरुरी छ।

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै सामाजिक सञ्जाल नागरिक जीवनको अभिन्न अङ्ग बनेको छ। फेसबुक, एक्स, इन्स्टाग्राम, टिकटक, युट्युब जस्ता सामाजिक सञ्जालका माध्यमहरूले मानिसबिचको सम्पर्कलाई सहज, छिटो र प्रभावकारी बनाएका छन्। यस विकासले केवल व्यक्तिगत सम्बन्धमा मात्र होइन, नेतृत्व विकासको धारणा, शैली र अभ्यासमा पनि गहिरो परिवर्तन ल्याएको छ। पहिले नेतृत्व प्रायः औपचारिक संरचना, पद र संस्थागत हैसियतमा आधारित हुन्थ्यो। तर सामाजिक सञ्जालको उदयसँगै नेतृत्व अब विचार, प्रभाव र सञ्चार क्षमतामा केन्द्रित हुन थालेको छ।

पार्टीको औपचारिक पदमा नरहेका व्यक्ति पनि सामाजिक सञ्जालमार्फत आफ्ना विचार प्रस्तुत गरेर, जनसमर्थन जुटाएर र समाजमा सकारात्मक प्रभाव पारेर नेतृत्वदायी भूमिकामा देखिन थालेका छन्। यसले शक्ति राजनीतिक दल, संस्था वा पदमा मात्र सीमित रहन्छ भन्ने भाष्य व्यवहारतः बदल्दै लगेको छ। नागरिक पद वा नाममा भन्दा सुधार, पारदर्शिता र परिणाममुखी नेतृत्वको खोजी गर्न थालेका छन्। हिजो नेपालका आन्दोलनहरू प्रायः पार्टी, संगठन वा औपचारिक नेतृत्वको आह्वानमा सडक केन्द्रित हुन्थे। तर पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालले नेपालका आन्दोलनको स्वरूपलाई आधारभूत रूपमा परिवर्तन गरेको छ।

यसले आन्दोलनलाई दल–विहीन, विकेन्द्रित र मुद्दा–केन्द्रित बनाएको छ। अब आन्दोलन सुरु हुन पार्टी कार्यालय होइन, एउटा पोस्ट, ह्यासट्याग वा अनलाइन बहस नै पर्याप्त हुन थालेको छ। नेपालमा सामाजिक सञ्जालले निर्णायक भूमिका खेलेका आन्दोलनहरू क्रमिक रूपमा देखिएका छन्। ०७७ सालको भाद्र महिनामा देखिएको ३भलयगनजक्कभलयगनज अभियान यसको महत्त्वपूर्ण उदाहरण हो। कोभिड–१९ महामारीको समयमा सरकारको कमजोर व्यवस्थापन, स्वास्थ्य प्रणालीको असक्षमता र नागरिकप्रति गैरजवाफदेही व्यवहारविरुद्ध युवाहरू सामाजिक सञ्जालमार्फत संगठित भए।

अनलाइन बहसबाट सुरु भएको यो अभियान काठमाडौँसहित विभिन्न सहरमा सडक प्रदर्शनमा परिणत भयो। त्यसपछि महिला अधिकार, बलात्कारविरुद्ध न्याय, भ्रष्टाचारविरुद्ध अभियान, शिक्षा सुधार, सार्वजनिक सेवा सुधार, पर्यावरण संरक्षण जस्ता मुद्दामा सामाजिक सञ्जालले निरन्तर आन्दोलन जन्माइरहेको छ। यस्ता आन्दोलनहरूमा औपचारिक नेता हुँदैनन्, प्रभावशाली अभियन्ता, डिजिटल इनफ्लुएन्सर र नागरिक समूहहरूले जनमत निर्माण गर्छन्। सामाजिक सञ्जालबाट उठ्ने आन्दोलन छिटो–छिटो फैलिने र तत्काल प्रतिक्रिया उत्पन्न गर्ने भएकाले दबाब सृजना गर्न यी पार्टी आन्दोलन भन्दा प्रभावकारी हुने गरेका छन्।

आज सूचना प्रविधि, डिजिटल प्लेटफर्म र सामाजिक सञ्जालको तीव्र विकासले नेतृत्वको परम्परागत मोडललाई चुनौती दिएको छ। परम्परागत रूपमा नेतृत्वलाई पद, वरिष्ठता र संगठनात्मक अधिकारसँग जोडेर हेरिन्छ। नेताको अधिकार, शक्ति र निर्णय क्षमता प्रायः पदको हैसियत, अनुभव र गुटगत समर्थनमा आधारित हुन्छ। पार्टीभित्र नेतृत्व प्रायः केन्द्रीकृत र पदानुक्रमिक संरचनामा सञ्चालित हुन्छ। तर आजको नेतृत्व केवल पद वा संगठनात्मक अधिकारमा आधारित छैन, बरु साझा उद्देश्य, विश्वास र नागरिक–सक्रियतामा आधारित हुन्छ। सोसल मिडिया इनफ्लुएन्सर, अभियन्ता, अनौपचारिक नागरिक समूह लगायतका केन्द्रहरूले नेतृत्वको भूमिका निर्वाह गर्छन्।

यस कोणबाट हेर्दा पद मात्रले नेतृत्वको वैधता सुनिश्चित गर्न सक्दैन। नेतृत्व पद भन्दा बढी प्रभाव, विश्वास र सञ्जाल संरचनामा आधारित बन्न थालेको छ। स्पेनिस समाजशास्त्री मानुएल कास्टेल्सका अनुसार सूचना प्रविधि, डिजिटल मञ्च र सामाजिक सञ्जालको विकासले शक्ति अब केवल सोपानगत प्रणाली वा पद–सत्तामा मात्र सीमित छैन, विकेन्द्रित सञ्जाल मार्फत फैलिन थालेको छ। नेतृत्व अब केवल एक नेता वा संस्था वा दलको आदेशमा निर्भर रहँदैन, सञ्जालका विभिन्न प्रभावका केन्द्रमार्फत सामूहिक रूपमा सञ्चालन हुन्छ। हरेक केन्द्रले सूचना प्रसारण, विचार निर्माण, बहस र जनमत उत्पन्न गर्ने काम गर्छन्, जसले नेतृत्वको वैधता पद वा अधिकारमा नभई जनताको भरोसा, सहमति र प्रभावको आधारमा सुनिश्चित गर्छ।

दोस्रो कुरा, यसले कुनै राजनीतिक दल वा स्थापित नेतृत्व विना सञ्जालमा आधारित ठुला–ठुला आन्दोलन उठ्न सक्छन् भन्ने देखाएको छ। त्यसको पछाडि अमूर्त नेता भन्दा पनि मुद्दा प्रधान हुन्छ। मुद्दालाई स्थापित गर्दै सञ्जालमार्फत नयाँ नेतृत्व जन्मन्छ। यसरी आएको नेतृत्व जनमत, विश्वास र साझा प्रभावमा आधारित विकेन्द्रित प्रणालीका रूपमा विकास हुन्छ। सामाजिक सञ्जालले नयाँ ढङ्गबाट नेतृत्व विकास मात्र गरिरहेको छैन, पारदर्शिता र जबाफदेहितालाई बढाउँदै लगेको छ। नागरिकहरूले प्रत्यक्ष रूपमा प्रश्न सोध्न, आलोचना गर्न र सुझाव दिन सक्ने वातावरण बनाएको छ। नेताहरूलाई जनभावना बुझ्न र समसामयिक मुद्दामा संवेदनशील हुन सहयोग पुऱ्याएको छ।

यो सत्यलाई नेपालका परम्परागत राजनीतिक दलहरूले नेतृत्वको वास्तविक अर्थ अझै आत्मसात् गर्न सकेका छैनन्। उनीहरू डिजिटल मञ्चले विचार र सूचना छिटो फैलाउने हुँदा नेतृत्वको पहुँच र प्रभाव बढ्ने कुरालाई बेवास्ता गर्दै पार्टी पदका आधारमा मात्र नेतृत्व विकास गर्ने प्रयासमा केन्द्रित छन्। वास्तवमा नेतृत्व भनेको उद्देश्य प्राप्ति, दिशा निर्धारण र गतिविधि सञ्चालनमा मार्गदर्शन गर्ने क्षमता हो, न कि केवल नियुक्त गरिएको आदेश दिने कमाण्डर। प्रभावकारी नेतृत्वले मानिसहरूलाई प्रेरित गर्न, साझा उद्देश्यमा समाहित गर्न, निर्णय प्रक्रियामा सहयोग गर्न र चुनौतीको सामना गर्न सक्ने वातावरण तयार गर्न सक्नु पर्छ।

तर पार्टी कार्यकर्ता प्रायः यस दृष्टिकोणमा प्रतिबद्ध देखिँदैनन्। उनीहरू मुद्दाभन्दा व्यक्ति–प्रधानतामा केन्द्रित छन् र नेतृत्वलाई देवत्वकरण गर्दै व्यक्तिगत भक्ति र अनुयायीताको मार्गमा अगाडि बढिरहेका छन्। यसले पार्टीको आन्तरिक लोकतन्त्र मात्र होइन सिङ्गो लोकतान्त्रिक व्यवस्थामै खतरा सिर्जना गरेको छ। सामाजिक सञ्जालको नेतृत्व विकासका लागि नयाँ अवसरहरू दिएको छ, त्योसँगै यसले चुनौती पनि खडा गरेको छ। सामाजिक सञ्जालमा बाँडिने भ्रामक सूचना, सतही लोकप्रियताको खतरा बढाउँछ। नेताहरू केवल 'लाइक, शेयर वा कमेन्टमा' आधारित प्रभाव खोज्न जोखिम पनि उत्तिकै छ।

यसले नेतृत्वलाई सतही लोकप्रियता र अस्थायी प्रभावमा आधारित बनाउने जोखिम बढाउँछ। अहिले नेपालको राजनीतिक यसबाट पीडित छ। यसबाट बच्न नेतृत्वले केवल सामाजिक मिडियामा ट्रेन्ड हुने सन्देशमा निर्भर नभई, वास्तविक विश्वास निर्माण, साझा उद्देश्यमा योगदान र दीर्घकालीन प्रतिबद्धतासँग जोडिन आवश्यक छ। अन्यमा, नेपालमा जेनजी विद्रोहसँगै नेतृत्वको परम्परागत ढाँचामा परिवर्तन आएको छ। अब नेतृत्व केवल पद वा गुटगत अधिकारमा सीमित छैन, यो त साझा उद्देश्य, जनविश्वास, डिजिटल प्रभाव र नागरिक सक्रियतामा आधारित विकेन्द्रित प्रणालीमा आधारित छ।

नेतृत्वले केवल पद वा सत्ता होइन, विश्वास, साझा उद्देश्य र दीर्घकालीन प्रतिबद्धतामा आधारित भएर नागरिक सहभागिता र पारदर्शिता सुनिश्चित गर्न सके मात्र लोकतन्त्रलाई बढी सहभागितामूलक, प्रभावकारी र जनउत्तरदायी बनाउन सकिन्छ। त्यसैले जेनजी विद्रोहको नेता खोज्न होइन सञ्जालबाट उदाएको नेतृत्वलाई प्लान्टेड भनेर प्रचारबाजीमा उत्रनु भन्दा पनि संस्थागत, पारदर्शी र प्रतिबद्ध हुन प्रेरित गर्नु नै हाम्रो दायित्व हो।

रातोपाटीबाट

### *लहान नगरपालिकाले...*

करिब ६५ वर्षीया पलहसियादेवी सदायले गरिब विपन्न परिवारका वृद्धवृद्धालाई नगरपालिकाले दिएको न्यानो सिरकले ठूलो राहत महशुस भएको बताइन्।

**गर्भवती र सुत्केरीलाई छुट्टै पोषण प्याकेज**

नगरपालिकाले विशेष शारीरिक अवस्था मानिने गर्भवती तथा सुत्केरीहरूलाई कुपोषणबाट जोगाउन पोषण प्याकेज अभियान समेत चालइरहेको छ। लहान नगरपालिका–२३ गाढाका १०५ जना गर्भवती तथा सुत्केरीलाई मंगलबार पोषण प्याकेजअन्तर्गत चामल, दाल, चना, मटर, नुन, तेललगायतका खाद्य सामाग्री वितरण गरिएको हो। सम्बन्धित वडामा रहेको स्वास्थ्य चौकीमा नियमित गर्भजाँच गराएका गर्भवतीको नामावलीको आधारमा वडासँग समन्वय गरी हरेक महिनाको २२ गते पोषण प्याकेज वितरण गर्दै आएको नगर प्रमुख चौधरीले बताए।

# धनुषा र महोत्तरीका किसानबाट ६ हजार क्विन्टल बढी धान खरिद, लक्ष्यको आधा पुरा

धनुषा, २३ पुस। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेस प्रदेश कार्यालय जनकपुरधामले धनुषा र महोत्तरीका किसानबाट हालसम्म ६ हजार २७५ क्विन्टल सोना मन्सुली धान खरिद गरेको छ। गत मङ्सिर २८ गतेदेखि धान खरिद प्रक्रिया सुरु गरेको कम्पनीले अहिले दैनिक ५ देखि १५ जना किसानको धान संकलन गरिरहेको छ। हालसम्म १६५ जना किसानले स्थानीय तहको सिफारिसमा आफ्नो उत्पादन बिक्री गरिसकेका छन्।

कम्पनीले यस वर्ष कुल १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य राखेको छ, जसको करिब आधा हिस्सा संकलन भइसकेको छ। प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्ने नीति भए पनि स्थानीय तहको सिफारिसमा केही किसानबाट ५५ क्विन्टलसम्म लिने गरिएको छ। धान बिक्री गर्नेहरूमा धनुषाको लक्ष्मीनिया, नगराइन र क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसानहरू बढी रहेका छन्।



सरकारले यस वर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ६ रुपैयाँ ३३ पैसा तोकेको छ। किसानलाई धानको भुक्तानी सिधै उनीहरूको बैंक खातामा पठाउने व्यवस्था मिलाइएको प्रादेशिक प्रमुख निर्मल थापाले जानकारी दिएका छन्। कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखेर बिहान १० बजेदेखि साँझ ५ बजेसम्म धान संकलनको काम भइरहेको छ।

खरिद गर्नुअघि कम्पनीले धानको गुणस्तर परीक्षण गर्ने गरेको छ। गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिका अनुसार मापदण्ड पुगेका गुणस्तरीय धान मात्र खरिद गरिएको छ। स्थानीय बजारमा उचित मूल्य नपाउने चिन्तामा रहेका किसानहरूका लागि सरकारी समर्थन मूल्यमा धान खरिद सुरु भएपछि राहत मिलेको छ। अझै धेरै किसानहरू धान बिक्रीका लागि नाम दर्ता गराएर पालो पर्खिरहेका छन्।

# गाउँपालिका अध्यक्षसहित चार जना र एउटा कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, २३ पुस। पर्साको छिपहरमाई गाउँपालिकाका अध्यक्षसहित चार जना र एउटा कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकाका अध्यक्ष मनोज कुमारसहित तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र प्रसाद साह, तत्काली लेखापाल सञ्जय पटेल, पर्साको विज्ञापन एजेन्सी के एस मल्टिपर्पोज प्राली र कम्पनीका सञ्चालक कमलकुमार उपाध्यायविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो। उनीहरूले गाउँपालिकाको ट्युबवेल जडान, स्टेडियम निर्माण, चार कोठे भवन निर्माण कार्यक्रमका लागि बोलपत्र आह्वान गर्दा भुठ्ठा सूचना प्रकाशित गरि अनियमितता गरेको आरोपपत्रमा उल्लेख छ। अख्तियारले उनीहरूविरुद्ध जनही चार लाख २९ हजार चार सय रुपैयाँ बिगो मागदाबी गरेको छ।

# चुनावका लागि १ लाख ३४ हजार प्रहरी भर्ना गर्न स्वीकृत

काठमाडौं, २३ पुस। गृह मन्त्रालयले फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावका लागि निर्वाचन प्रहरीको मापदण्ड स्वीकृत गरेको छ। अर्थ मन्त्रालयले प्रतिनिधिसभा चुनाव लागि १ लाख ३४ हजार प्रहरी भर्ना गर्न स्वीकृति दिएको हो। निर्वाचन प्रहरीका लागि नेपाल प्रहरी र सशस्त्रले माग गरेको बजेटमा अर्थ मन्त्रालयले सहमति दिएसँगै गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचन प्रहरीको मापदण्ड स्वीकृत गर्नुभएको हो। स्वीकृत मापदण्ड अनुसार ४० दिनका लागि प्रहरी भर्ना गरिनेछ। निर्वाचन प्रहरीका लागि ७ अर्ब१३ करोड रुपैयाँ बजेटको स्रोतसमेत सुनिश्चित भएको गृह मन्त्रालयले जनाएको छ। सशस्त्र प्रहरीलाई पनि पहिलो पटक १५ हजार १ सय १० जना निर्वाचन प्रहरी भर्ना गर्न आवश्यक बजेट अर्थ मन्त्रालयले सुनिश्चित गरेको छ। निर्वाचन प्रहरी भर्ना प्रक्रिया शुरू गर्ने गरि प्रहरी प्रधान कार्यालयले छिट्टै दरखास्त आह्वान गर्नेछ।

# चितवनमा साउनयता नौ वटा गैंडा मरे

चितवन, २३ पुस। चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा साउनयता नौ वटा गैंडा मरेका छन्। निकुञ्ज क्षेत्र र मध्यवर्ती सामुदायिक वन क्षेत्र एवम् आसपासमा ती गैंडा मरेका हुन्। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार साउनयता पाँच वटा भाले र तीन वटा पोथी गैंडा मरेका हुन्। एउटाको लिङ्ग पहिचान हुन नसकेको उहाँले जानकारी दिनुभयो। मरेका गैंडामध्ये एउटा विद्युतीय करेन्ट लागेर हो भने अन्य सबै प्राकृतिक कारणले मरेका उनको भनाइ छ।

पछिल्लो पटक पुस २२ गते एउटा भाले गैंडा मरेको जनाउँदै मगरले कुमरोज मध्यवर्ती सामुदायिक वनमा अन्दाजी ३५ वर्षको भाले गैंडा मृत भेटिएको बताए। 'यो गैंडा जुधेर मरेको अनुमान गरिएको छ। गैंडाको खाग, खुर सुरक्षित अवस्थामा थियो', उनले भने। हरेक वर्ष गैंडा विभिन्न कारणले मर्ने गरेकामा प्राकृतिक रूपमा, विद्युतीय करेन्ट लागेर तथा एकापसमा जुधेर, दलदलमा फसेरलगायत प्रमुख कारणले मर्ने गरेका निकुञ्जका सूचना अधिकारी मगरले जानकारी दिए। उनका अनुसार यस निकुञ्जमा पछिल्लो गणनाअनुसार ६ सय ९४ वटा गैंडा रहेका छन्।

# शीतलहरले कामदार घट्दा राजमार्ग विस्तार सुस्त



**जनार्जन खत्री**

सर्लाही, २३ पुस। कठ्याङग्रिदो चिसोको असर पूर्वपश्चिम राजमार्ग विस्तार कार्यमा समेत देखिएको छ। कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड)अन्तर्गत अहिले सर्लाही, महोत्तरी र धनुषामा राजमार्गलाई चार लेनको बनाउने काम जारी छ। आयोजनाअन्तर्गत सर्लाहीको फूलजोर–बागमतीखण्ड हेर्ने इन्जिनियर रमेश पाण्डेले केही दिनदेखि बाक्लो मात्रामा हुस्सु लाग्ने र शीतलहर चल्ने भएर अत्यधिक चिसो बढ्दा कामदार जुटाउनै मुस्किल परेको बताए। चिसो असाध्य बढेदेखि काममा सुस्तता आएको इन्जिनियर पाण्डेको भनाइ छ। "चिसो धेरै हुँदा मजदुरलाई खटाउन समस्या परिरहेकाले काममा केही सुस्तता आएकै हो," उनले भने, "जे जति कामदार उपलब्ध छन उनीहरुले त काम गरिरहेकै छन्।"

पूर्वपश्चिम राजमार्ग विस्तारको काममा अधिकांश स्थानीय मजदुर खटिएका छन्। अहिले तीनवटै जिल्लामा कलभर्ट र पुलको काम प्राथमिकताको साथ भइरहेको छ। सँगै रुख काट्ने काम पनि तीनवटै जिल्लामा जारी रहेको कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवम् इन्जिनियर रामटहल यादवले बताए। कमला पुलदेखि पथलैया १३० किलोमिटर पूर्वपश्चिम राजमार्ग विस्तारअन्तर्गत अहिलेसम्म धनुषा, महोत्तरी र सर्लाहीमा मात्र ठेक्का भएर काम भइरहेको छ भने रौतहट र बारामा ठेक्का लाग्नै बाँकी छ।

कमला पुलदेखि धनुषाको जमुनिवाससम्म पहिलो खण्ड, त्यहाँदेखि सर्लाहीको फूलजोरसम्म दोस्रो खण्ड र फूलजोरदेखि बागमतीसम्म तेस्रो खण्डमा तीन अलगअलग निर्माण कम्पनिसँग सम्झौता गरी धमाधम काम भइरहेको हो। आयोजना प्रमुख एवम् सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासले चिसो अत्यधिक हुँदा जंगल क्षेत्रमा काम गर्न मुस्किल नै रहेको बताए। उनले बिजुलीको पोल सार्ने कामले समस्या थपिरहेको बताए। "केही मात्रामा चिसोको असरले पनि काममा ढिलाइ भइरहेकै छ," आयोजना प्रमुख दासले भने, "त्यसैमा फेरि बिजुलीको पोल काम सार्ने काम साह्रै सुस्त हुँदा समस्या खेपिरहेका छौं।"

बिजुलीको पोल सार्ने काम फटाफट गरिदिन आग्रह गर्दै नेपाल विद्युत प्राधिकरणको प्रादेशिक कार्यालय जनकपुरमा दिनैपिच्छेजसो धाइरहेको आयोजना प्रमुख दासको गुनासो छ। उनले पुरै भत्काएर नयाँ पुल बनाउनुपर्ने ठाउँमा बर्खाअघि नै पुल तथा कलभर्टको काम सक्न निर्माण व्यवसायीलाई घचघच्याइरहेको जानकारी दिए।

सडक विभागले विश्व बैंकको ऋण सहयोगमा दुई लेनको पूर्वपश्चिम राजमार्गलाई विस्तार गरेर बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर र अन्य ठाउँमा चार लेनसहित १८ मिटर चौडाइ गर्ने काम गरिरहेको हो। राजमार्ग विस्तारअन्तर्गत सर्लाही र रौतहटको सीमामा पर्ने बागमती नदीमा सिग्नेचर पुल बन्ने छ भने मुख्य बजारहरुमा 'ओभरपास' (ललितपुरको ग्वार्कोमा भैंm) समेत निर्माण हुने छन्।

राजमार्गमा अहिले रहेका साँघुरा पुल पुरै भत्काएर नयाँ निर्माण गरिए पनि अन्य लामो आकारका पुल भने यसैलाई मर्मत गरेर छेउमा अर्को दुई लेनको नयाँ पुल निर्माण गरेर सञ्चालन गरिने छ।

*माटोका मूर्ति...*

२ हजार ५ सय र बढीमा १० हजारसम्ममा प्रतिमूर्ति बेच्दै आएको उनले बताए। उनले भने, सबैभन्दा बढी १० हजार मूल्य पर्ने ४ वटा मूर्ति बनाएको छु। मूर्ति र आकार र डिजाइन अनुसार मूल्य हुन्छ। बनाएको अधिकांश मूर्तिको एडभान्स आउने क्रम जारी रहेको उनले बताए। नबिकेको मूर्ति के गर्नुहुन्छ ? भन्ने प्रश्नमा उनले जवाफ दिँदै भने पूजा गरेर सेलाई दिन्छु। मूर्तिका बनाउनका लागि माटो भने नदीबाट ल्याउने गरेको उनले बताए।

मूर्ति बनाउने दर्जनौं कलाकार रहेको यस जिल्ला सरस्वती पूजा नजिकिँदै जाँदा राजविराज नगरपालिका सहित जिल्लाको विभिन्न पालिकाको विभिन्न स्थानमा कलाकारहरूको मूर्ति बनाएर बिक्री वितरण गर्दै आएका छन्। सप्तरीको अधिकारकर्मीको रूपमा परिचित अधिकारकर्मी विष्णु पोखरेलले हाम्रो देशका यस्ता मिहिनेति कलाकारको परिश्रमको सम्मान गरी व्यावसायिक रूपमा स्थापित हुन थप सहयोग गर्नुपर्ने धारणा व्यक्त गरे।

सरस्वती पूजाको १०–१५ दिन अगाडि मूर्ति छान्ने, एडभान्स दिने र सरस्वती पूजाको अघिल्लो दिन पूरा रकम तिरेर पूजा गर्ने स्थानमा मूर्ति लगेर राख्ने चलन रहेको स्थानीय मनु खनालले बताए। मधेशसहित जिल्लामा विद्यालय शैक्षिक संस्थानहरूमा मात्र नभएर टोलमा पैसा उठाएर समूहमा तथा घरघरमा समेत विद्याकी देवी सरस्वतीको धुमधामले पूजा गर्ने चलन रहेको छ।

# जन्मदर्ता नहुँदाको पीडा भोग्दै १७ वर्षीय विवेक



सर्लाही, २३ पुस। सर्लाहीको हरिवन नगरपालिका–१ लिचीटोल निवासी विवेक परियार १७ वर्ष लागे। लाउलाउँ खाउखाउँ उमेरका उनी अहिले आफूसहित चार परिवारका एक्ला नाबालक अभिभावक हुन्। बिहान सबेरैदेखि राति अबेरसम्म ज्याला मजदुरी गरेर परिवारको भरणपोषण गर्नु उनको दैनिकी बनेको छ। पचहत्तर वर्षकी जिजुहजुरआमा अतिरुपा, ६० वर्षकी हजुरआमा फूलमाया र १५ वर्षकी बहिनी बिविकाको जिम्मेवारी एक्ला नाबालक विवेकको काँधमा आइपरेको छ।

चार वर्षको उमेरमै आमाले छाडेर गएपछि विवेकका दाजु बहिनी टुहुरो बन्नुपर्यो। मामाघरतर्फको हजुरआमाको शरणमा हुर्किएका विवेकले कक्षा ३ सम्म गाउँ नजिकैको आधारभूत विद्यालयमा अध्ययन गरे। तर भर्ना गर्न जन्मदर्ता नभएपछि पढाइ छाड्नुपर्यो। चुरेको काखमा लगभग १० धुर ऐलानी जग्गा चर्चेर विवेकको परिवार बसिरहेका छन्। टाउको लुकाउन बनाएको टिनको सानो छाप्रोबाहेक सम्पत्तिका नाममा केही पनि छैन।

बाल्यकाल निकै संघर्षमा बिताउनुभएका विवेकले गाउँमै साहुको ट्र्याक्टरमा बालुवा लोड गर्ने कामबाट मजदुरी सुरु गरे। अहिले उनी एउटा कुशल ट्र्याक्टर चालक बनिसकेका छन्। तर, आफू जन्मेहुर्केको देशमा अनागरिक बन्नुपर्दा सीपसमेत बेकार बनेको छ। "निकै दुःख गरेर एउटा सीप सिकेको थिएँ, लाइसेन्स बनाउन पाए यसैको सहाराले परिवारको भरणपोषण गर्ने थिएँ। कागजात नहुँदा ट्र्याक्टर चलाएर परिवार पाल्ने सपना पनि अधुरो हुने भयो", उनले सुनाए।

"विवेकको आमाले सानैमा छाडेर गइन्", विवेकका जिजूहजुरआमा अतिरुपाले भनिन्, "बुबाको पनि अत्तोपत्तो छैन। केही समय पहिला ज्वाइँ आइपुग्नुभएको थियो। सोधीखोजी गरेका थियौँ। उहाँकै केही कागजात बनेको रहेनछ। त्यसपछि फेरि त्यसै हराउनुभयो।" विवेकका हजुरबुबाको पनि कुनै कागजात फेला नपरेको अतिरुपाको भनाइ छ। कागजात भएका घरतर्फका आफन्त कोही फेला नपरेका कारण दुई पनाति पनातिनीको भविष्य नै अन्धकार बनेको उनले दुखेसो पोखिन्।

विवेककी हजुरआमा बोल्न सक्दिनन्। जन्मजातै फरक क्षमताकी हुन्। जिजूहजुरआमा पनि वृद्ध भइसकिन्। बहिनीको भविष्यको चिन्ताले विवेकलाई सताइरहन्छ। ज्याला मजदुरी गरेरै भए पनि बहिनीलाई ठूलो मान्छे बनाउने उनको सपना छ। तर, परिस्थितिले देशको नागरिकसम्म बन्ने हैसियत दिएन– दुई दाजुबहिनीलाई। एकपटक जन्मदर्ताका लागि स्थानीयवासीको सल्लाहमा दाजुबहिनी वडा कार्यालयसम्म पुगे पनि कुनै प्रमाण नभएको भन्दै त्यसै फर्कनुपरेको उनीहरूको गुनासो छ।

विवेकले जेनतेन बहिनी बिविकालाई हरिवन नगरपालिका–१ पटौनामा रहेको पटौना आधारभूत विद्यालयमा पढाएका छन्। कक्षा ७ मा पढ्ने बिविकालाई अर्को वर्ष कक्षा ८ मा अनिवार्य भर्ना गर्नुपर्छ भन्दै विद्यालयले जन्मदर्ता मागेको छ। तर, कसरी जन्मदर्ता बन्छ भन्ने केही थाहा छैन, उनले सुनाए। बहिनीले पनि आफूले जस्तै पढाइ छाड्नुपर्ने हो कि भन्ने उनलाई चिन्ता छ। आफू र बहिनीको जन्मदर्तामात्र बने पनि अलपत्र बन्नु पर्दैन थियो भन्ने उनलाई लागेको छ। आफ्नो र बहिनीको जन्मदर्ताका लागि पहल गरिदिन उनले आग्रहसमेत गरे।

अर्कातर्फ विवेकको परिवारले प्रयोग गरिरहेको सानो बाँससमेत जीर्ण बनेर ढलेपछि अहिले परिवारलाई थप समस्या भएको छ। जसले गर्दा अहिले टाउको लुकाउने ठाउँसमेत नभएको उनले सुनाउनुभयो। छिमेकीकोमा शरण लिएर बस्नुपरेको भन्दै विवेकले पुरानो घर भएको ठाउँमा ऋणधन गरेर भए पनि एउटा घर बनाउने सपना रहेको बताए। तर, काम गरेर तिर्छु भन्नलाई समेत कुनै कागजात नहुँदा ऋण पाउने आशा नरहेको उनको दुखेसो थियो।

निकै इमानदार र मेहेनती विवेकको परिवारले उनैको भरथेगमा गुजारा गरिरहेको स्थानीय सुवास श्रेष्ठले बताए। पढाइलेखाइ गर्न नपाएका विवेकले ट्र्याक्टर चलाउन सिकेर जीविका चलाउने आधार बनाए पनि पूरा गर्न नसकेको उनको भनाइ थियो। विद्यमान कानुनी व्यवस्थाका कारण उनको जन्मदर्ता बन्न नसक्दा उनीसहित उनको भावी पिँढीले समेत अनागरिकको जीवन बाँच्नुपर्ने अवस्था देखिएको भन्दै दुःख व्यक्त गरे।

विवेकको समस्याका विषयमा वडाका तर्फबाट हुनेसम्म गर्न आफू तयार रहेको वडाध्यक्ष टमबहादुर घिसिङले बताए। नाबालक र नाबालिकाको जन्मदर्ताका विषयमा आफूले वडासचिवसँग नियमित कुराकानी गरेर कानुनी प्रक्रियाअनुसार निकासका लागि पहल गरिरहेको उनले बताए। "कानुनले दिएको दायरमा रहेर उहाँहरूको कागजात बनाउने कुरामा पहल गरिरहेको छु", वडाध्यक्ष घिसिङले भने।

# सुडी समाजद्वारा राजनारायणलाई आर्थिक सहयोग

सिरहाको मिर्चैयाका राजनारायण महतोले आर्थिक विपन्नताका बीच पनि एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकालेका थिए।



**विनय आजाद**

सिरहा, २३ पुस। आर्थिक विपन्नताका बीच एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकालेका मिर्चैयाका राजनारायण महतोलाई आर्थिक सहयोग प्राप्त भएको छ। सुडी समाज, मिर्चैयाले राजनारायणलाई मंगलबार आर्थिक सहयोग गरेको हो।

राजनारायणलाई मिर्चैया नगरपालिका–६ मटियर्वास्थित सुडी समाज धर्मशालामा एक कार्यक्रम आयोजना गरी ५१ हजार रुपैयाँ आर्थिक सहयोगसहित सम्मान गरेको स्थानीय अगुवा राजकिशोर साहले बताए।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगन्जमा भर्ना भएका साह पहिलो प्रयासमै एमबीबीएसमा पूर्ण छात्रवृत्तिमै नाम निकाल्न सफल भएका हुन्। उनले २०७९ सालमा एसईई र २०८२ मा कक्षा १२ उत्तीर्ण गरेका थिए। राजनारायणका जेठा दाजु राजु महतो पनि पूर्ण छात्रवृत्तिमै एमबीबीएस अध्ययनरत छन्। आठ वर्षअघि क्यान्सरका कारण बुवा गुमाएका उनीहरूलाई आमा रेखा पंजियारले गाउँमै किराना पसल गरी पढाएकी हुन्।

# कांग्रेस छिरेपछि सुनिल थापालाई अवसरै अवसर

राप्रपाबाट कांग्रेस प्रवेश गर्दा सुनिल थापा सिधै सहमहामन्त्री भए। १४औं महाधिवेशनमा केन्द्रीय सदस्य जित्दै आफ्नो पकड बलियो बनाए। अहिले राष्ट्रपतिको सचिवालयबाट राजीनामा दिएर उम्मेदवारी दिएका थापा सिधै राष्ट्रिय सभामा प्रवेश गरे।

**हरि अधिकारी**

विराटनगर, २३ पुस। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को राजनीति ओरालो लागेपछि नेपाली कांग्रेस प्रवेश गरेका सुनिल थापा राष्ट्रिय सभा सदस्यमा निर्विरोध निर्वाचित भएका छन्। उनी राजावादी नेता पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका छोरा हुन्। राप्रपाको राजनीति संकटमा परेपछि २०७७ सालमा सुनिल नेपाली कांग्रेसमा प्रवेश गरेका थिए। त्यसबेला उनलाई कांग्रेस सभापति शेरबहादुर देउवाले सहमहामन्त्री बनाएका थिए।

बुधबार भने थापाको राजनीतिक यात्रामा अर्को एउटा 'सुनौलो अध्याय' थपियो। उनी कोशी प्रदेशबाट राष्ट्रिय सभा सदस्यमा निर्विरोध निर्वाचित भए। संयोग यस्तो मिल्यो कि, विपक्षी नेकपाका उम्मेदवार समयमा आइनपुगेपछि कांग्रेसका थापाका लागि राष्ट्रिय सभाको ढोका बिना प्रतिस्पर्धा खुल्यो। राष्ट्रिय सभामा नेकपाले हेमराज घिमिरेलाई उम्मेदवार बनाएको थियो। संखुवासभाबाट विराटनगर आउन ढिलो भएपछि थापा निर्विरोध भए।



राष्ट्रिय सभा सदस्यमा उम्मेदवार बन्नका लागि थापाले राष्ट्रपति रामचन्द्र पौडेलको सचिवालयबाट राजीनामा दिएका थिए। १६ चैत २०७९ मा थापा राष्ट्रपतिको राजनीतिक सल्लाहकार नियुक्त भएका थिए। त्यसबेला थापा नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समिति सदस्य थिए। उनले राष्ट्रिय सभामा उम्मेदवारी दिनका लागि गत १ पुसमा राष्ट्रपति पौडेलको सचिवालयबाट राजीनामा दिएका थिए।

थापा नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित भएका थिए। उनले २०७० सालको संविधानसभा निर्वाचनमा धनकुटा–२ बाट राप्रपाका तर्फबाट प्रत्यक्ष चुनाव जितेका थिए। यो उनका बुबा सूर्यबहादुर थापाको क्षेत्र हो। २०७४ जेठमा बनेको शेरबहादुर देउवाको मन्त्रीमण्डलमा थापा वाणिज्य तथा आपूर्ति मन्त्री बनेका थिए। २०७९ सालको निर्वाचनमा भने धनकुटाबाट नेकपा एमालेका राजेन्द्रकुमार राईसँग पराजित भए। राईले ३० हजार १०१ मत ल्याउँदा थापाले २८ हजार ७०४ मत ल्याएका थिए।

थापाले लामो समय संयुक्त राष्ट्रसंघअन्तर्गत विभिन्न देशमा काम गरे। जागिर छाडेर उनी राजनीतिमा प्रवेश गरेका थिए। कांग्रेस प्रवेश गरेदेखि नै थापाले पछाडि फर्केर हेर्नु परेको छैन। २०७७ सालमा कांग्रेस प्रवेश गर्दा उनी सिधै सहमहामन्त्री जस्तो शक्तिशाली पदमा आसिन भए। त्यसपछि पार्टीको १४औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएर आफ्नो पकड बलियो बनाए। राष्ट्रपतिको सचिवालयमा काम गरेका थापा त्यहाँबाट राजीनामा दिएर अहिले राष्ट्रिय सभामा पुगेका छन्।

# राजीनामा दिने मुडमा छैनन् मन्त्री गुप्ता, भन्छन, लथालिङ्ग छोडेर भाग्दैनौँ

काठमाडौं, २३ पुस। युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले पदबाट तत्काल राजीनामा नदिने भएका छन्। सरकारको तर्फबाट गर्नुपर्ने अझै केही महत्वपूर्ण काम गर्न बाँकी रहेको भन्दै ती काम छाडेर राजीनामा नदिने बताएका हुन्। "हामी जेनजी सरकारका मन्त्री हौँ। अहिले जुन प्रकारले सामाजिक सञ्जालमा आलोचना भइरहेको छ," मन्त्री गुप्ताले भने, "कसैले अमेरिकाको पैसा खायो भन्छन्, कसैले पार्टीमा लाग्यो भन्छन्। सरकारबाट समेत एक पैसा लिएको छैन।"

आफू कुनै पनि पार्टीमा नलागेकाले अनावश्यक टिकाटिप्पणी नगर्न उनले आग्रह गरेका छन्। "म कुनै पनि पार्टीको सदस्य होइन। लिएको पनि छैन," मन्त्री गुप्ताले भने, "आगामी फागुनमा हुने भनिएको १०औँ राष्ट्रिय खेलकुललाई कसरी सफल पार्ने भनेर लागिपरिरहेको छु। बाहिर जतिसुकै आलोचना भए पनि सरकारलाई लथालिङ्ग छोडेर भाग्दैनौँ।"

मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले ऊर्जामन्त्री कुलमान घिसिङ, खेलकुदमन्त्री गुप्ता र सञ्चारमन्त्री जगदीश खरेललाई राजीनामा दिन भनेको कुरा बाहिरिएको थियो। तर, राजीनामाबारे प्रधानमन्त्रीले निर्देशन नदिएको मन्त्रीहरूले बताएका छन्। यद्यपि, केही दिनअघि राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) सँग सहमति गरेका ऊर्जामन्त्री घिसिङले भने राजीनामा दिने तयारी गरिरहेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)